# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी, कैलाली
### कर्मचारी आवश्यकता सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९।११।१६ गते

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता अनुसार सन्चालित कार्यक्रम हो र यो कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा सञ्चालित छ। सामी कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। यस सामी कार्यक्रम अन्तर्गत कैलाली जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्न तथा धनगढी उप-महानगरपालिकामा मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले यो सूचना प्रकासित भएको मितिले ७ दिन भित्र योग्य अनुभवी नेपाली नागरिकहरुबाट तपसिलमा उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

| क्र. सं. | विज्ञापन नं. | पद | पद संख्या | दरखास्त दस्तुर | योग्यता |
|---|---|---|---|---|---|
| १ | १/०७९/०८० | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | १ | रु.३००।– (तिन सय) | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्ती ३ वर्षको कार्यानुभव भएको। साथै स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ।<br>(नोट: सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई बिशेस प्राथमिकता दिइनेछ) |
| २ | २/०७९/०८० | मनोसामाजिक परामर्शकर्ता | १ जना | रु.३००।– (तिन सय) | **सामी कार्यक्रम अन्तर्गत मनोसमाजिक परामर्श सम्बन्धी ६ महिना तालीम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:**<br>▪ कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको।<br>**नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्था:**<br>नयाँ मनोसमाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। जुन निम्नानुसार छ:<br>▪ मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।<br>(नोट: सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई बिशेस प्राथमिकता दिइनेछ) |

१. **करार अवधि**: हाललाई २०८० साल असार मसान्त सम्म सो पश्चात कार्यक्रमको निरन्तरता रहेमा आवश्यकता र कार्य सम्पादन मुल्यांकनको आधारमा करार अबधि थप हुन सक्नेछ।

२. **परिक्षाको किसिम** : लिखित, अन्तवार्ता र प्रयोगात्मक | बिस्तारमा निम्नानुसार उल्लेख गरिएको छ |

| क्र.स. | परीक्षाको किसिम | प्रश्न संख्या | अंकभार | जम्मा पूर्णाक |
|---|---|---|---|---|
| १ | लिखित (बहुबैकल्पिक प्रश्नोतर ) | २५ | २ | ५० |
| २ | प्रयोगात्मक (Ms Word, Ms Excel and mail/email skill ) | | | १५ |
| ३ | अन्तरबार्ता | | | ३५ |
| जम्मा | | | | १०० |

३ **पाठ्यक्रम** : (क) बैदेसिक रोजगार ऐन र नियमावली, २०६४ (ख) आप्रवासी श्रोत केन्द्र (संचालन तथा व्यबस्थापन) कार्यविधि,२०७८ (ग) सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ (घ) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको भूमिका र धनगढी उपमहानगरपालिकाको परिचय तथा भूमिका।

४ परीक्षा मिति : सम्पर्ग मितिमा तोकिनेछ।

५ कार्यस्थल : धनगढी उपमहानगरपालिकाक्षेत्र र सामी कार्यक्रम लागु भएका अन्य क्षेत्र।

६ वि.न. १/०७९/०८० देखि २/०७९/०८० सम्म पुरुषको हकमा न्युनतम १८ वर्ष पुरा भै ३५ वर्षा ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

७ दरखास्तका साथ बुझाउनुपर्ने देहाएका आबश्यक कागजातहरु उमेदवार स्वयंले प्रमाणित गरि पेश गर्नुपर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) लब्धांक पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(घ) अनुभव भएमा सो खुल्ने कागजातहरु।

८ तलव तथा अन्य सुविधा: कार्यक्रमको नियमानुसार।

९ दरखास्त दस्तुर : यस कार्यालयको राजस्व शाखामा नगद बुझाई सोको नगदी रसिद संलग्न गरेको हुनुपर्नेछ।

१० दरखास्त फारम बुझाउने स्थान : धनगढी उपमहानगरपालिका नगर कार्यपालिका कार्यालयको सामाजिक बिकाश शाखामा बुझाउनु पर्नेछ।

११ दरखास्त बुझाउने अन्तिम मिति : २०७९/११/२२ गते कार्यालय समय भित्र बुझाउनु पर्नेछ।आबेदन दिने अन्तिम दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बुझाउन सकिनेछ।

१२ सम्पर्ग मिति : २०७९/११/२३ गते।

**पुनश्चः** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई **हस्तलिखित निवेदन** सहित धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रिया**: प्रारम्भिक छनौटमा परेका उमेदवारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परीक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
धनगढी उप-महानगरपालिका

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)